# कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम,चितवन

## नगर कार्यपालिका बैठक निर्णय

| बैठक संख्याः | ५५ | समयः | दिउसोः२.०० बजे | मितिः २०८२/०७/१३ |
|---|---|---|---|---|
| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | |
| १ | योजना शाखा | योजना तथा कार्यक्रम सञ्चालन सम्बन्धमा। | मिति २०८२/०६/०८ को नगर कार्यपालिका बैठकबाट चालु आ.व.२०८२/०८३ का योजना तथा कार्यक्रम कार्यान्वयनमा स्थगित गर्ने निर्णय भएकोमा वेजेट उपलब्धतता र सुनिश्चितताका आधारमा चालु आ.व. २०८२/०८३ का लागि कालिका नगरपालिकाको सातौं नगर सभाबाट विनियोजन भएका नगर र वडास्तरिय पूर्वाधारजन्य योजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सञ्चालन गर्ने निर्णय गरियो। | |
| २ | योजना शाखा | योजना तथा कार्यक्रम सञ्चालनार्थ श्रोत सुनिश्चतता एवं बजेट बिनियोजन गरियो। सम्बन्धमा। | कालिका नगरपालिकाको सातौं नगर सभाबाट आ.व.२०८२/०८३ को लागि बिनियोजित वजेट शिर्षकबाट देहाय बमोजिम योजना तथा कार्यक्रम सञ्चालनार्थ श्रोत सुनिश्चतता एवं बजेट बिनियोजन गर्ने निर्णय गरियो। | |

| वजेट क्र.स | वजेट शिर्षक | रकम (रु.) | शंशोधित शिर्षक नाम र रकम: बजेट शिर्षक नाम | रकम (रु.) |
|---|---|---|---|---|
| १२७ | आधुनिक प्रबिधि सडक सुरक्षा तथा बैज्ञानिक नामाकरण | १५००००० | वडा नं. ४ का विभिन्न सडकमा आधुनिक प्रविधि विकास (स्टप साइन, हाउस नम्बरिङ र प्लेट निर्माण) | ८९८००० |
| | | | आधुनिक प्रविधि सडक सुरक्षा तथा वैज्ञानिक नामाकरण | ६०२००० |
| १५४ | नगर साझेदारी कोष | २५००००० | वडा नं. ९ को वडा कार्यालय भवन मर्मत सम्भार | २००००० |
| | | | नगर साझेदारी कोष | २३००००० |
| १७४ | विविध र्वजनिक निर्माण | १००००००० | वडा नं. ६ को वडा कार्यालय भवन निर्माण | २८३८४४४ |
| | | | नगरसभाहल मर्मत | २०००००० |
| | | | वडा नं. ४ को वडा कार्यालय भवन निर्माण | २५५६५६१ |

विनोद रेग्मी

नगर प्रमुख

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला सञ्जाल भवन मर्मत सुधार | १०००००० | |
| | | | | | | वडा नं. २ का विभिन्न सडक निर्माण | १८७००० | |
| | | | | | | वडा नं. ५ को वडा कार्यालय मर्मत सुधार | १०००००० | |
| | | | ५ | विभिन्न सिपमुलक तथा अन्य कार्यक्रम | ९१५००० | वडा नं. २ को वडा कार्यालय भवन मर्मत सम्भार | ५५०००० | |
| | | | | | | विभिन्न सिपमुलक तथा अन्य कार्यक्रम | ३६५००० | |
| | | | ३८ | उत्कृष्ट सम्मान कार्यक्रम | १५००००० | वडा नं. १ को वडा कार्यालय भवन मर्मत सम्भार | ९५०००० | |
| | | | | | | वडा नं. ७ को वडा कार्यालय भवन मर्मत सम्भार | ५५०००० | |
| | | | ४ | कर्मचारीको बैठक भत्ता | १०००००० | वडा नं. ३ को वडा कार्यालय भवन मर्मत सम्भार | ५००००० | |
| | | | ५ | कार्यालय समय भन्दा अधि पछाडि र वदाको समयमा काम गरे वापत को भत्ता | ८००००० | रेडक्रस मा वि जिप्सन तथा मर्मत | ४५०००० | |
| | | | ५१ | नगर यातायात गुरुयोजना | ११६००० | वडा नं. ८ को वडा कार्यालय भवन मर्मत सम्भार | १००००० | |
| ३ | प्रशासन शाखा | मतदान स्थल तथा केन्द्रहरुको अध्याबधिक तथा पुनरावलोकन सम्बन्धमा। | जिल्ला निर्वाचन कार्यालयको च.नं २० मिति २०८२/०७/१२ को पत्रानुसार मिति २०८२/११/२१ गते प्रतिनिधि सभा निर्वाचनलाई मध्ये नजर गरी कालिका नगरपालिकामा रहेका मतदान स्थल तथा केन्द्रहरुको अध्याबधिक तथा पुनरावलोकन कार्यका लागि अनुरोध भइ आएकोमा साविक अनुसार कायम हुन लेखि पठाउने निर्णय गरियो। | | | | | |

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रैउकराम, [illegible]

देवराज वोलागाई
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ४ | प्रशासन शाखा | यस कार्यालय अन्तर्गत कालिका नगर अस्पतालमा कार्यरत सि.अ.न.मी श्री कुमारी श्रीसको घर बिदा स्वीकृत सम्बन्धमा | यस कार्यालय अन्तर्गत कालिका नगर अस्पतालमा कार्यरत सि.अ.न.मी श्री कुमारी श्रीसले बुवाको उपचारका लागि ब्रिटिस जानु पर्ने भएकाले मेरो सञ्चित बिदाबाट कट्टी हुने गरी मिति २०८२/०७/११ बाट बिदा स्वीकृतका लागि निवेदन पेश भएको हुँदा मिति २०८२/०७/११ गते देखि लागू हुने गरी मिति २०८३/०१/१३ सम्म दिन १८० दिन घर बिदा स्वीकृत गर्ने निर्णय गरियो। | |
| ५ | बन तथा वातावरण | बुङ खोलाबाट नदीजन्य पदार्थ उत्खनन अनुमति परिमाण पुनरावलोकन सम्बन्धमा। | यस कार्यालयको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन का आधारमा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति चितवन (जिल्ला समन्वय समिति चितवन) को मिति २०८१/११/११ गतेको निर्णाय बमोजिम यस नगरपालिका वडा नं २,३,७ र ८ अन्तरगत पर्ने बुङ खोलाका विभिन्न घाटहरू बाट जम्मा ८०,००० (असी अजार) घन मिटर नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, बालुवा, रोडा लगायत ) उत्खनन अनुमति प्राप्त भएकोमा श्री राष्ट्रपति चुरे - तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुर, नेपालको च. नं. - ३३९, मिति २०८१/१२/२५ पत्र अनुसार उल्लेखित खोलाको विभिन्न ४ (चार) वटा घाटहरू बाट जम्मा १६,७८४ (सोह हजार सात सय चौरासी ) घन मिटर मात्र नदीजन्य पदार्थ उत्खनन एवं बिक्री वितरणका लागि अनुमति प्रदान भएकोमा उल्लेखित खोलाको उत्खनन घाटहरूबाट उत्खनन अनुमति परिमाण वृद्धिका लागि पुनः निरीक्षण एवं अनुगमन गरी उत्खनन अनुमति परिमाण नियमानुसार पुनरावलोकनका लागि श्री राष्ट्रपति चुरे - तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुर, नेपाललाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ६ | बन तथा वातावरण | कायर खोलाबाट नदीजन्य पदार्थ उत्खनन अनुमति परिमाण पुनरावलोकन सम्बन्धमा। | यस कार्यालयको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन का आधारमा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति चितवन (जिल्ला समन्वय समिति चितवन) को मिति २०८१/११/११ गतेको निर्णाय बमोजिम यस नगरपालिका वडा नं ७,८,९ र १० अन्तरगत पर्ने कायर खोलाका विभिन्न घाटहरू बाट जम्मा २६,००० (छब्बीस अजार) घन मिटर नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, रोडा लगायत) उत्खनन अनुमति प्राप्त भएकोमा श्री राष्ट्रपति चुरे - तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुर, नेपालको च. नं. - ३३९, मिति २०८१/१२/२५ पत्र अनुसार उल्लेखित खोलाको विभिन्न ३ (तिन) वटा घाटहरू बाट जम्मा ४,५१६ (चार हजार पाँच सय सोह) घन मिटर मात्र नदीजन्य पदार्थ उत्खनन एवं बिक्री वितरणका लागि अनुमति प्रदान भएकोमा उल्लेखित खोलाको उत्खनन घाटहरू बाट उत्खनन अनुमति परिमाण वृद्धिका लागि पुनः निरीक्षण एवं अनुगमन गरी उत्खनन अनुमति परिमाण नियमानुसार पुनरावलोकनका लागी श्री राष्ट्रपति चुरे - तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुर, नेपाल लाई अनुरोध गर्ने निर्णय गरियो। | |
| ७ | बन तथा वातावरण | थाङ खोलाबाट नदीजन्य पदार्थ उत्खनन अनुमति सम्बन्धमा। | यस कार्यालयको स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनका आधारमा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति चितवन (जिल्ला समन्वय समिति चितवन) को मिति २०८१/१२/१४ गतेको निर्णय बमोजिम यस नगरपालिका वडा नं २, ३, ४ र ५ अन्तरगत पर्ने | |

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रैडटहड़ार, चितवन

देवराज चौलागाईं
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | थाङ खोलाका विभिन्न घाटहरू बाट जम्मा १७,५०० (सत्र हजार पाँच सय) घन मिटर नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, बालुवा, रोडा लगायत ) उत्खनन अनुमति प्राप्त भएको यस कार्यालयको च. नं. - १९७९, मिति २०८१/१२/१७ पत्र मार्फत श्री राष्ट्रपति चुरे - तराई मधेश संरक्षण विकास समिति खुमलटार, ललितपुर, नेपाल लाई उल्लेखित खोलाको निरीक्षण एवं अनुगमन गरी नदीजन्य पदार्थ उत्खनन एवं बिक्री वितरणका लागि अनुमति माग भएकोमा हाल सम्म पनि तहाँ कार्यालय बाट उल्लेखित खोलाको निरीक्षण एवं अनुगमन हुन नसकेकोले निरीक्षण एवं अनुगमन गरी नियमानुसार उत्खनन अनुमतिका लागि अनुरोध गर्ने निर्णय गरियो। | |
| ८ | बन तथा वातावरण | फोहर प्रशोधन केन्द्र / Transfer Station / Landfill Sit निर्माणका लागि जग्गा प्राप्त गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा। | शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र, बबरमहल, काठमाण्डौं, नेपालको च.नं. ७०, मिति: २०८२/०७/०२ को फोहर प्रशोधन केन्द्र / Transfer Station / Landfill Sit निर्माणका लागि जग्गा प्राप्त गर्न प्रस्ताव पेश गर्ने पत्रका सम्बन्धमा यस कालिका नगरपालिका, वडा नं – ७, उदयपुर सामुदायिक बन क्षेत्र अन्तरगत पर्ने बुङ खोला र थाङ खोला जोड्ने कुलोको दाया बायाँ, कालिका – भालुमारे सडक देखि करिव ५०० मिटर माथिको रहेको करिव १० (दस) कट्ठा क्षेत्रफल रहेको सरकारी / प्रति जग्गा र उल्लेखित कुलोको सुरु स्थान देखि पूर्व बुङ खोला पारी रहेको ५ (पाँच) कट्ठा क्षेत्रफल रहेको सरकारी / पर्ति जग्गा प्राप्त गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो। | |
| ९ | प्रशासन शाखा | सूचना प्रबिधि अधिकृतको तह मिलान सम्बन्धमा। | स्थानीय तहमा सूचना प्रबिधि अधिकृत परिचालन सम्बन्धि कार्यबिधि,२०८२ को दफा ६ को उपदफा १ "योग्यता तथा सेवा सुबिधा" सूचना प्रबिधि अधिकृतलाई स्थानीय तहको सातौं अधिकृत तहको अधिकृत स्तरमा सम्झौता गरि कामकाजमा लागाउन सक्ने,सोही कार्यबिधिको दफा २ मा सूचना प्रबिधि अधिकृतको योग्याता रा.प.तृतिय श्रेणी अधिकृतका लागि लोकसेवा आयोग द्धारा इलेक्ट्रोनिक्स एणंड कम्मुनिकेशन इन्जिनियर वा कम्प्युटर इन्जिनियर वा कम्प्युटर अधिकृत पदका लागि तोकिए बमोजिम र दफा ३ मा तलव तथा सेवा सुबिधाका लागि नेपाल सरकारको अधिकृतस्तर सातौं तहको शुरु तलव स्केलको ७५ प्रतिशत रकम लागत साझेदारीको रुपमा कार्यक्रम समन्वय इकाईबाट उपलब्ध हुने व्यवस्था रहेकाले यस कार्यालयमा कार्यरत सूचना प्रबिधि अधिकृत श्री घनश्याम बास्तोला (अधिकृतस्तर छठौं )लाई स्थानीय तहमा सूचना प्रबिधि अधिकृत परिचालन सम्बन्धि कार्यबिधि,२०८२ को दफा ६ को उपदफा १ बमोजिम सूचना प्रबिधि अधिकृत सातौं तहमा पद मिलान गरी करार सम्झौता गर्ने निर्णय गरियो। | |
| १० | राजश्व शाखा | आर्थिक ऐन, २०८२ को संशोधन प्रस्ताव परित सम्बन्धमा। | कालिका नगरपालिकाको आर्थिक ऐन, २०८२ लाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले स्वीकृत आर्थिक ऐनको दफा १७ को अधिकार प्रयोग गरी आर्थिक ऐन, २०८२ को संशोधन प्रस्ताव परित गरि आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।<br>देहाय: | |

| क्र.सं | मौजुदामा भएको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|

प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १ | अनुसुची-१० को क्र.सं. १६ पशुजन्य विविध सेवाहरु रु.मा उल्लेख भएको क्र.सं. ५. को सिमेन विक्रि प्रति Straw १०० भएको । | अनुसुची-१० को क्र.सं.१६ पशुजन्य विविध सेवाहरु रु.मा उल्लेख भएको क्र.सं. ५. को सिमेन विक्रि प्रति Straw रु. ५०/ | नगरपालिकाले खरिद गरेको सिमेनको मूल्य र विक्रि मूल्य समान कायम गर्न । | |
| | | | २ | अनुसुचि-१० को क्र.सं. ७ को उपक्रम संख्या ५ .घर अभिलेख तर्फको<br>क.नगरपालिका घोषणा हुनुपूर्व बनेका भौतिक संरचना अभिलेखीकरण नक्सा पास/दर्ता प्रक्रियामा आएका अभिलेखीकरण दस्तुरः नक्सा पासको लागि तोकिएको राजश्व रकमको १२५ प्रतिशत थप ।<br>ख.नगरपालिका घोषणा भएपछि बनेका भौतिक संरचना (अभिलेखीकरण) नक्सा पास/दर्ता प्रक्रियामा आएका तथा मापदण्ड पुगेका भवनको भवन नियमित दस्तुरः नक्सा पासको लागि तोकिएको राजश्व रकमको १०० प्रतिशत थप । | अनुसुचि-१० को क्र.सं.७ को उपक्रम संख्या ५ .घर अभिलेख तर्फको<br>क.नगरपालिका घोषणा हुनुपूर्व बनेका भौतिक संरचना अभिलेखीकरण नक्सा पास/दर्ता प्रक्रियामा आएका अभिलेखीकरण दस्तुरः नक्सा पासको लागि तोकिएको राजश्व रकमको १०० प्रतिशत थप ।<br>ख.नगरपालिका घोषणा भएपछि बनेका भौतिक संरचना (अभिलेखीकरण) नक्सा पास/दर्ता प्रक्रियामा आएका तथा मापदण्ड पुगेका भवनको भवन नियमित दस्तुरः नक्सा पासको लागि तोकिएको राजश्व रकमको १२५ प्रतिशत थप । | नगरपालिका घोषणा हुनुपूर्व बनेका भौतिक संरचना अभिलेखिकरण दस्तुर कम गर्न । | |